# २

# प्रतिज्ञासँग जिउदै
# कालेब

***यस अध्यायको निम्ति पढ्नुहोस्:*** गन्ती १३,१४, यहेशू १४, न्यायकर्ता १:१२-१५

***स्मरण गर्ने पद:"*** परमेश्वरले मलाई सहायता गरोस् भनेर म पर्खेर बसेको छु । जसरी सुरक्षाको निम्ति खटिएको सुरक्षा गार्डले विहानको प्रतिक्षा गर्दछन्, म फेरी भन्दछु ।त्यो भन्दा बढी म परमेश्वरको प्रतिक्षा गर्दछु । हे इस्रायल तिम्रो आशा परमेश्वरमाथि राख, किनभने उहाँको प्रेम कहिले पनि असफल हुदैन् ।उहाँले आफ्ना मानिसहरुलाई पूर्ण स्वतन्त्रा दिनुहुन्छ ।इस्रायललाई उनीहरुको सम्पूर्ण पापबाट उहाँ आफैले छुटाउनुहुनेछ ।(भजन १३०:६-८ रुपान्तरित)।

अत्यन्त सुखद र दुखद समयलाई कालेबले पार गरेको थियो। दासत्वको जीवन कस्तो थियो भनेर उसलाई थाहा थियो।आफ्नो महान् शक्तिलाई प्रयोग गरेर परमेश्वरले आफ्नो जनहरुलाई मिश्र देशबाट छुटाउनु भएको समयमा कालोव त्यही थियो । इस्रायलको अगाडि समुन्द्र फाटेको र मिश्रका सैनिकहरुलाई निलेको समयमा आफू प्रत्यक्षदर्शी भएको थियो ।सिनैको पहाडमा इस्रायलको साथमा ऊ थियो र साथै परमेश्वरको दश आज्ञाका शिलालाई बोकेर पहाडबाट झर्दै गरेको मोशालाई उनले देखाका थिए। कनान देश देख्ने प्रथम व्यक्तिहरुमा ऊ पनि एक थियो। तर कालेवले आफ्नो जीवनका अमूल्य वर्षहरु इस्रायलीहरुसँग मरुभूमीमा घुमन्ते भएर बिताउनु परेको थियो ।अनि उसका समूकालिन इस्रायलीहरु मरुभूमीमा एक–एक गरेर मरेका पनि उनले देखेको थियो ।अन्तमा वयोबृद्ध भएतापनि कालेब कनान देशमा जान समर्थ भएको थियो ।उमेर अत्यन्त ढल्के पनि कालेवले परमेश्वरप्रति आस्था र साहसको प्रदर्शन गरेको थियो ।

कालेब त्यस्ता अगुवा थियो जो रङ्गमञ्च वा घटनाको पृष्ठभूमीमा रहेर काम गर्दथ्यो।आफ्नो भाउ देखाउन मानिसहरुको अगाडि देखापर्दैनथ्यो।कावेलको भद्र नेतृत्वशैली हामी यस अध्यायमा हेर्नेछौं।आफ्नो जीवनलाई जोखिममा पारेर नेतृत्व गर्ने कालेव कस्तो

महान अगूवा थियो भनेर अध्ययन गर्नेछौं ।त्यत्ती मात्र नभएर आफू कसरी उदाहरण बनेर चल्नु पर्छ भन्ने विश्वास कालेबमा थियो भन्ने गुण पनि हामी हेर्नेछौं।ऊ उदार दिल भएको व्यक्ति थियो।यूवा पुस्ताले नेतृत्व गर्नुपर्छ भन्ने उसको धारणालाई वर्तमान परिपेक्षमा नेतृत्वको निम्ति तँछाड मछाड गर्नेहरुको अगाडि सन्हाहना गर्नुपर्छ।युवाहरु अघि बढ्नुपर्छ भनेर उनले प्रोत्साहन गर्दथ्यो।कालेव सँग धेरै सकारात्मक चरित्र गुणहरु थियो।संसारको इतिहासको अन्त्यमा रहने हाम्रो निम्ति कालेबको बृतान्तले के सिकाउँछ भनेर हामी अध्ययन गर्नेछौं ।स्वर्गको प्रतिज्ञा गरिएको कनान राज्यमा प्रतिक्षा गर्ने हाम्रो निम्ति कालेबको कथा समसामयिक र महत्वपूर्ण छ।

## १. तथ्यहरु(गन्ती १३:२६,१४:२)

इजिप्टबाट निस्केको पन्ध्र महिना भइसकेको थियो।इस्रायलीहरु कनान देशको सिमा क्षेत्र परानमा पालहरु टागेर आफ्ना अदडा जमाएर बसेका थिए।कनान आफ्नै देश हुनेभयो र त्यहाँ घर बनाएर बस्न पाउने भइयो भन्ने कुरामा इस्रायलीहरु उत्साहित भएका थिए।परमेश्वरको अगूवाइमा इस्रायलीहरुले कनान देशको बारेमा पत्ता लगाउन बाह्रजना जासुसहरु चुनेका थिए।कनान देशको भेद जान्न त्यहा पठाइएको समूहमा कालेब पनि थियो।उसले यहुदा कुलको प्रतिनिधित्व गरेको थियो।ती जासुसहरु ४०दिनसम्म कनानमा रहेर त्यस देशको बारेमा तथ्यहरु पत्ता लगाए।त्यसपछि त्यसदेशको बारेमा विवरण दिन तिनीहरु फर्के।

गन्ती १३:२६,१४:२ पढ्नुहोस्।प्रत्यक्षदर्शी भएर होइन, विश्वासद्वारा हामी जीउनुपर्छ भन्ने धारणालाई माथिको पदहरुले कसरी पुष्टि गर्दछ?

आफूले देखेका कुराहरुलाई प्रमाणित गर्न जासुसहरुले केही चिज आफूसँग ल्याएका थिए।मानिसहरुले ती बस्तुलाई देख्न सक्थ्यो, सुघन सक्थ्यो र चाख्न सक्थ्यो।कनान देशमा बाह्रैजनाले त्यही तथ्यहरु देखेका थिए।तर त्यहा भएका तथ्यहरुलाई आ–आफ्नै दृष्टिकोणले हेरेका थिए।दश जनाले देखेका उर्बरा जमिन, महान सहरहरु र अल्गा-अल्गा मानिसहरुको अर्थ आफू बिनाश भएको देखे।इस्रायलीहरुले

कनान देश कब्जा गर्न असम्भव छ भनेर तिनीहरुले ठोकुवा गरेका थिए। इजिप्टमा भएका रोगव्याधीहरु, चमत्कार, लाल समुद्र पार गरेको नियमित रुपमा वर्षेको मन्ना, पत्थरबाट निस्किएको पानी आदीको बारेमा ती १० जना जासुसहरुले बिर्सिसकेको जस्तो थियो। ती सबै थोक परमेश्वरले तिनीहरुको निम्ति गर्नुभएको थियो। अब कुनै कारणले परमेश्वरमाथि विश्वास र उहाँका प्रतिज्ञाहरु प्रति तिनीहरुले शङ्का गर्न थाले। आफूले देखेको कुरामा भर पर्न थाल्थे तर परमेश्वरले गर्नुभएको प्रतिज्ञालाई आफूहरुले भुलाइदिए। यही त्रुटी दोहोऱ्याउन हामीहरुलाई पनि सजिलो नभएको तँ होइन्।

जुन कुरालाई हामी देख्छौं र त्यसको अर्थ हामी कस्तो लगाउँछौं, यसले हाम्रो व्यक्तिगत दृष्टिकोणमा अत्यन्त प्रभाव परेको हुन्छ। कुनै पनि तथ्यलाई जुन अर्थ लगाउँछौ त्यसले हाम्रो दैनिक जीवनमा निर्णायक भूमिका खेलिरहेको हुन्छ। हाम्रा भावनाहरुले पनि ती तथ्यहरुलाई प्रभाव पार्दछन्। हामीले जे चाहन्छौं त्यसलाई विश्वास गर्न सक्छौं, ती विश्वासले हामीलाई के फरक पार्दैन् भनेर कसैले सोचलान्। तर यो गलत तर्क हो। कुनै पनि कुराको मापदण्ड चयनहुनुपर्छ। यदि यसलाई पन्छायौं भने यसले हामीलाई परमेश्वरबाट टाडा लान सक्छ अनि बिस्तारै अविश्वासको घेरामा हामी अल्झिन्छौं। कुनै पनि तथ्यलाई परमेश्वरको सहायताले सामना, गर्न सक्यौं भने उहाँमाथि भरोसा राख्न सघाउँछन् र उहाँमाथि हाम्रो आस्था मजबुत हुन्छ।

हाम्रो आस्था देखेकोमा हुनुपर्छ कि नदेखेकोमा? कुन चाहिँ गाह्रो हो? काबेलले जस्तै तपाईंले पनि सानना गर्नुभएको छ? यदि छ भने पछिल्लो पट्क कहिले? तपाईंले के गर्ने निर्णय गर्नुभयो? उपरोक्त अनुभवले परमेश्वर र उहाँका प्रतिज्ञाहरुमाथि भरोसा राख्न कसरी सिक्नुभयो?

## २. आफ्नो ज्यानलाई जोखिममा पारेर उच्च छविको निम्ति निडर साथ उभिनु (गन्ती १३:३०)

सारा जनतहरु एकठाउँमा गएको बेला आफूले विश्वास गरेको आस्थाको निम्ति खडाहुनु सधै सजिलो छैन्। समूहको दवाव प्रभावकारी

हुन्छ। कुनै पनि प्रतिस्पर्धा गर्ने स्थलमा प्रतिद्धन्धीका हजारौ समर्थकहरुले आफ्ना पक्षको जीतको निम्ति ताली बजाउँदा अर्को पक्षको मनमा थिचो पस्नु र अन्यौलता पर्नु स्वभाविक प्रक्रिया हो। पतिद्धन्धीहरुको समर्थकहरुको पक्षमा तालीबजाउने मूर्ख काम धेरैले गरेको पाइन्दैन्। यसैकारण फूटवलको खेलको खेल मैदानमा पतिद्धन्धीहरुको समर्थकहरुलाई प्रायजसो अलग राखिन्छ, किनभने खेलको उत्तेजनाले एकआपसका समर्थकहरु बीच प्रायजसो कुटाकुट भएको हामी पाउछौं।

तर इस्रायलीहरु कुनै खेल मैदानमा थिएन्। तिनीहरुको भविष्य र जीवन प्रति फेरी त्रासको वातावरण खडा भएको तिनीहरुले देखेका थिए। जब १०जना जासुसहरुले कनान देशका मानिसहरु राक्षस जस्ता छन् र उनीहरु फत्याङ्गाग्रा जस्तै छन् भनेर संदेश सुनाए सबै इस्रायलीहरु डाको छोडेर रुन थाले। हजारौं मानिसहरुको मन अवस्य मर्माहत थियो। त्यस्तै पृष्ठभूमिका उभिने बानी भएका कालेब अगाडि खडा भए।

कालेबको आहवानबाट उसको बारे हामीलाई के जानकारी दिन्छ र परमेश्वरका प्रतिज्ञा वा वचनहरुमा विश्वास गर्नुपर्छ भन्ने उनको प्रतिवद्धताले हामीलाई के सिकाउँछ? हेर्नुहोस् गन्ती १३:३०।

एउटै समाचार विभिन्न किसिमले प्रभाह गर्न सकिनेछ। "कसरी" भन्ने कुरा पनि "के" भन्ने जत्तिकै महत्वपूर्ण हुन्छ। सार्वजानिक रुपमा दशजना जासुसहरुको खिलाफमा न त बोले न त प्रतिवाद गरी कालेबले उनीहरुको अपमान गरे। अविश्वासी जासुसहरुप्रति देखाएको गुण कालेबको सन्हानिय पक्ष हो। विश्वासमा कमजोर देखाएकोमा कालेबले इस्रायलीहरुलाई हप्काएनन्। तर निडर हुन र परमेश्वरमा विश्वास राख्न उसले आहवान गर्दै र कनान देशलाई कब्जा गर्न जाऔं भनेर प्रत्सोहन दिन्छ। तर कदरमत भन्दा बहुमतमा विश्वास गर्ने जनताले बालेबको कुरा सुन्न चाहेन्न्। उसको विरुद्धमा तिनीहरु उठ्ने निर्णय गरिसकेका थिए। उत्तेजित भिड्ले मोशा, यहोशू र कालेबलाई ढुङ्गालिएर मार्न तम्से।

परमेश्वरको वचनलाई अश्विकार गर्दा र कुनै पनि तथ्यहरुलाई बँग्याउँदा त्यसको परिणाम के हुदो रहेछ भनेर गन्ती १४:१-१०,२०-२४ले बताउँछ।

कालेब अत्यन्त निराश भएको हुनुपर्छ। कनान देशको उर्वरा जमिनलाई उसले देखेको थियो।तर अब इस्रायली जुन समूहहको अविश्वासले गर्दा उसले पनि मरुभूमीमा ४० वर्ष बिताउनु पर्ने भयो।आफ्ना जनसमुदायप्रति जिम्मेवार हुनुपर्छ भन्ने कालेबको अटल प्रतिवद्धता थियो।समग्र मानिसहरु भागहुने कुरामा ऊ समक्षदार थियो।उदाहरण र प्रोत्साहनद्वारा उनलाई अगुवाई गर्दथ्यो।मानिसहरुबाट छुटेर अलगै समूह खडा गर्ने कालेबले नयाँ आन्दोलन सुरु गरेन।असहज परिस्थितिलाई त्यसै त्यागने वा आफ्नो पक्षमा जनहरु भएन भन्दै अलग हुने मनस्थितिलाई बाइबलले समर्थन गर्दैन्। कुनै पनि मानिसलाई समास्याबाट भाग्नुपर्छ भनेर बाइबलले सिकाउँदैन्। कठिन समयमा पनि आफ्ना मानिसहरुको साथ टासिएर बस्नुपर्छ भन्ने गुण हामीले कालेबबाट सिक्नुपर्दछ।इस्रायलीहरुको अविश्वसले गर्दा ४० वर्ष सजायँ भोग्नुपरे पनि उसको हृदय विचलित भएन न त उदासिनतालाई प्राथमिकता दिइयो।"मैले भनेकै थिए" भन्ने औंल्याउने बाणीलाई स्थान नदिइकन कालेबले अरुसँग वा सजायँमा सहभागी भयो।

के तपाईं कुनै पनि समुहका मानिसहरुले गर्दा दुःख पाउनु भएको छ? यस्तो प्रतिकूल परिस्थितिमा तपाईंले कस्तो प्रतिक्रिया देखाउनु भएको छ?

## ३. परमेश्वरका वाचाहरुलाई दावी गर्नु (यहोशू १४)

४० वर्ष बितिसक्यो। इस्रायलीहरु यर्दन नदी पार गरेर प्रतिज्ञा गरिएको देशमा आइपुगे।भोकाएका मानिसहरुका सामु टन्न असल खानेकुराहरु अगाडि परेका जस्तै तिनीहरु थिए।वडो चनाखो साथ त्यो देशलाई इस्रायलीहरुले अवलोकन गर्दछन्।राती आगोको वरीवरी बसेर सबभन्दा असल जमिन कुन हो र असले पाउँछ भन्ने विषयमा इस्रायलीहरु हलफल गर्दछन।प्रतिक्षा गरिएको कनान देशमा पुग्दा बिभिन्न कुलका मानिसहरुले भुमिको लागि झगडा हुने सम्भावना छ भन्ने

कुरा दुरदर्शी मोशालाई थाहा थियो। जब कनान देशमा इस्रायलीहरु पस्छन् त्यो देशलाई कसरी विभाजन गर्ने भन्ने निर्देशन मोशाले छोडेका थिए। यो योजना यहोशू १४ अध्यायमा पाउँदछौं।

यहोशू १४ मा यहोशूसँग काबेलले के अनुरोध गर्दछन्? उनले के मागे होलान्? यसले गर्दा परमेश्वरप्रति कालेबको विश्वास कति अटल थियो भनेर देखाउँदछ।

जब कनान देशको भुभाग क-कस्को हुन्छ भनेर भाग लगाइदै थियो, कालेब पनि अचम्म तरिकाले अघि सरेर आफ्नो हिस्सा माग्दछ। उसले मागेको भूभाग उसको कूलको निम्ति नभएर आफ्नै लागि थियो। यहोशू र कालेब इस्रायलीहरुमा सबैभन्दा वयोबृद्ध थिए। कालेबले यहोशूसँग आफ्नो अत्यन्त ढल्किसकेको उमेरको बावजुद पनि जग्गा माग्दा केही हदसम्म अनौठो मान्नु स्वाभाविकै देखिन्छ। आफू बलियो र लडाइको निम्ति तयार भएको काबेलले दावी गर्दछ। तर सबभन्दा महत्वपूर्ण कुरा त आफूलाई दिएको परमेश्वरको प्रतिज्ञा कालिबले दावी गर्न चाहेको थियो।

परमेश्वरका प्रतिज्ञाहरुलाई दावी गर्न कालेब डराएको थिएन्न। कालेबले स्वार्थी भएर आफ्ना हिस्सा मागेको थिएन। अरुको निम्ति पाउने नितिमा ऊ अत्यन्त विश्वास गर्दथ्यो। फेरी कालेबले कनान देशको अत्यन्त रमणीय, उर्वरा र असल भूभाग पनि मागेनन्। उनले यस्ता ठाउँहरु रोज्यो जहाँ अति ठूलो जीउ भएका अनकका सन्तानहरु थिए। ४० वर्ष अघि यिनै अल्गा अल्गा मानिसहरु देखेर इस्रायलीहरु भएभित भएका थिए(गन्ती १३:३३)। आफ्ना बाबुहरुले गरेको भुल अहिलेको पुस्ताले नदोऱ्यारओस् भनेर कालेबको चाहना थियो। सबभन्दा सजिलो भूभाग भन्दा चुनौतीपूर्ण भूभाग जितेर परमेश्वर माथिको आस्था र भरोसा कालेबले देखाउन चाहन्थ्यो।

फेरी कालेबले अनुकरणीय उदाहरण देखाएको हामी पाउँदछौं। उसको वरिपरी रहेका मानिसहरुको निम्ति ऊ जीवित आदर्श व्यक्ति भएर खडा भएको हामी पाउँदछौं। उनले यही कुरा भन्न गएको जस्तो देखिन्छः"ठूला ठूला मानिसहरुलाई धपाउन म भन्दा सबभन्दा बुढो मानिसलाई परमेश्वरले प्रयोग गर्नुभयो भने तिमीहरु डराउनु पर्ने आवश्यक छैन्। परमेश्वरले तिमीहरुलाई विजय दिनसक्नुहुन्छ र

दिनुहुन्छ।" अनकका सन्तान शेशाई, अहिमान र टालमेहमाथि काबेलले कसरी जीते भनेर येहोशू १५:१३,१४ ले बताउँछ। जुन तत्वले गर्दा हामी सारा इस्रायल राष्ट्र त्राही त्राही भएको थियो त्यस तत्वलाई एकजना बुढो मानिसले हरायो, किनभने उसले परमेश्वरको शक्तिमाथि भरोसा राखेको थियो।

यहोशू १४:१४ मा परमेश्वरलाई "सारा हृदयले" सेवा गर्नु भनेको छ।यस्को अर्थ के हो? के हाम्रो जीवनमा पनि यस्ता तत्वहरु छन् जसले गर्दा भित्रीमनले परमेश्वरको सेवा गर्न असमर्थ हुन्छौं।

## ४. भावी पिढीको निम्ति हस्तारण हुने आदर्श गुण (न्यायकर्ता १:१२,१३)

कतिपय समाजमा "बृद्धाहरु" प्रति धेरै सम्मान देखाएको पाउँदछौं। समाजका युवावर्गहरु तिनीहरुसँग उमेर ढल्केका मानिसहरुकहाँ आउँछन् र सल्लाह र बुद्धि माग्दछन्। अन्य धेरै समाजमा बुढा, बुढीहरुलाई वेवास्ता गरी समाजबाट अल्गै राख्नेगरिन्छ। वृद्धाहरुलाई पन्छाउने निति संसारमा बृद्धि भइरहेको हामी पाउँदछौं। वृद्ध व्यक्तिको सकारात्मक जीवन कस्तो हुनुपर्छ भनेर कालेबले अनुकरणीय उद्धारहणले प्रस्तुत गरेको छ।

कतिपय बुढापाकाहरुको मनस्थितिमा कालेब चलेको देखिन्दैन्। ऊ बुढो भयो भन्दैमा अरुको खटनमा हिंड्नुपर्छ लाचार मानेर चलेको देखिन्दैन्। बुढो भयो, अब अब के गर्ने भनेर विरक्त जीवन बिताउने पक्षमा रहेको ऊ देखिन्दैन, न त बुढो जीवन वनवासको जीवन हो भनेर समाजबाट आफूलाई अलग्ग राख्न चाहेको पाउँदछौं। समाजमा कृयाशील हुन आफ्नो उमेरलाई कालेबले बाधक बनाउदैंन्। युवा पुस्ता अग्रसर हुँदा आफ्नो भाउ घट्छ भन्ने धारणालाई कालेबले अपनाएको पनि देखिन्दैन्। कतिपय पाको मानिसहरु आफू भन्दा कम उमेर भएका युवाहरुमाथि आएको चाहन्दैनन्। यदि आएमा आफूलाई व्यक्तिगत चुनौती दिएको सम्मझन्छन्। कालेबमा आफूमात्र ठूलो हुनुपर्छ भन्ने अवगुन भएको देखिन्दैन। बुढो वा पाको उमेरको बारेमा भजनसंग्रह २२:१२-१५ ले के भन्छ?

परमेश्वरका नाती नातीनीहरु छैन् तर छोरा छोरीहरु मात्र छन् भन्ने कथन लोकप्रिय छ। तर कतिपय मानिसहरुले परमेश्वरलाई आफ्ना बाबु र आमाको मात्र हुनुहुन्छ, हामी सँग सरोकार छैन्न् भनेर विश्वास गरेको हामी पाउँदछौं। परमेश्वर भनेको बुढो मानिसको हो म जस्तो युवालाई उहाँको खाचो छैन् भनेर कतिपय युवा युवतीहरुले दावी गर्छन्। हरेक पुस्ताले परमेश्वरसँग व्यक्तिगत अनुभव हुनुपर्छ भन्ने कुरालाई कालेब मान्थ्यो। आमाबुबाहरुले ईजिप्टबाट पाएका आश्चर्य कामहरुको परिणाम तथा मरुभूमीमा भोगेका अनुभवहरुको आधारमा इस्रायलीहरु राष्ट्र वा व्यक्तिगत रुपमा रहन सक्दैन्थ्यो। आँखा चिम्लेर परमपरालाई कायम गर्नुपर्छ, होइन वरु युवा पुस्ताले व्यक्तिगत विश्वासमा प्रथम कदम चलाउनु पर्छ र त्यसको लागि वातावरण बनाउनुपर्छ । कर्तव्य आफनो हो भनेर कालेबले विश्वास गर्दथ्यो।

न्यायकर्ता १:१२,१३ मा कस्तो खालको अनुभव सृजना गर्न कालेवले सघाइरहेको पाउँदछौं। उनले यो काम कसरी सम्पन्न गर्दछ?

यहूदाका कूलले आफूले पाएका जमिनको कब्जा गरेका थिए। परमेश्वरको प्रतिज्ञालाई फलिफाप बनाउन यहूदा र सिमनका कूलहरु एक आपसमा विश्वास का साथ काम गरिरहेका थिए। त्यसै समय किरजाठसेफर भन्ने बलियो शहरका मानिसहरुसँग तिनीहरुले सामना गर्नुपर्‍यो (पद १२)। त्यस शहरको किल्ला फोडेर त्यसलाई कब्जा गर्नु अत्यन्त कठिन थियो। त्यस ताकाका युगलाई काँचको युग भनिन्छ। पुरातत्वविदहरुले त्यस ठाउँमा भूउत्खनन् गर्दा पालेस्टाइनका किल्लाका जगंहरु अत्यन्त मजबुत भएको भेट्टाएका थिए।तर त्यस शहरको किल्लाको पर्खाल फुटाउन कस्तो कठिन छ भनेर कालेबले आँखा लगाएको देखिन्दैन्। तर त्यस किल्लालाई आफ्नो जीवन सार्थक बनाउने चुनौती प्रदान गर्ने अवसरको रुपमा कालेबले लिन्छ। यो, त्यो ठाउँ थियो जहाँ कसैले परमेश्वरको प्रतिज्ञाहरुलाई दावी गर्न सक्थ्यो र विजय हासिल गर्न सक्थ्यो। हुन त वर्तमान समयमा अनौठो लाग्ला, कालेबले जवान इस्रययली सेनाहरुलाई मनपर्ने खालको कबूल गर्दछः "जसको नेतृत्वमा त्यो शहर कब्जा गर्छ उनी कालेबको ज्वाई हुन्छन्। कालेबको भतिजा ओठनियलले यो चुनौती स्वीकार गर्छ (न्यायकर्ता १:३) र परमेश्वरले उसलाई जीताउनु हुन्छ । कालेबको शिक्षा र

उदाहरणले नयाँ वीरको जन्म हुन्छ। कालेबले लगानी गरे अनुसार उसले राम्रो हिँस्सा पछिल्लो वर्षहरुमा पाउँछ। पछि गएर परमेश्वरले ओठोनियललाई प्रथम न्यायकर्ता बनाउनुहुन्छ। उनैको नेतृत्वमा शत्रुहरुको वसबाट इस्रायलीहरु स्वतन्त्र हुन्छन् (न्यायकर्ता ३:७-११)।

जब तपाईं बुढो हुदै जानुहुन्छ तब तपाईंको सोच-विचार र मनस्तिथिमा कसरी परिवर्तन भइरहेको पाउनु भएको छ? लाचार भएर तपाईंको उमेरले गर्दा गलत आचरण र मनस्थितिको दास नहुन तपाईंले के प्रयास गर्नुपर्छ?

## ५. उदार दिलले दिनु (न्यायकर्ता १:१४,१५)

कालेबले चरित्रको बारेमा न्यायकर्ता १:१४,१५ मा के भन्छन्?

इस्रायलीहरुले पुर्खौली सम्पत्ती प्राप्त गर्नु अत्यन्त महत्वपूर्ण मान्थे। उनीहरुको निम्ति अचल सम्पत्ती भनेको भूमी थियो। यसलाई प्राप्त गरेर परिवारको युवा पुस्तालाई हस्तारण गरिन्थ्यो। कुल वा वंशलाई जोगाउन पैत्रिक सम्पत्ती अत्यन्त महत्वपूर्ण भएकोले निसन्तान मानिसले पनि आफू मरेपछि आफ्नो कुललाई जोगाइ राख्न अनेकौं व्यवस्था वा कानुनहरुको पालना गर्नुपर्दथ्यो। यसो गर्दा निसन्तान भएर कोही मरे पनि उसको नजिकको नाताले उसको सम्पत्ती लिएर उसको कुलको नाउँ थामी राख्थे (व्यवस्था २५:५-१०)।

वयोबृद्ध कालेबले पनि आफ्नो शेष पछि आफ्नो परिवारको निम्ति छोडिने पैत्रिक सम्तत्ती प्रति गम्भिर भएको थियो।

कालेबका छोराहरु थिए भनेर पछिल्ला परिवारीक लेखाले बताउछन्। जत्तिसुकै चल अचल सम्पत्ती आफ्ना छोराहरुलाई छोड्ने कालेबको ईच्छा थियो। आक्सा भन्ने छोरी पनि कालेबकी थिइ। जुनसुकै सम्पत्ती उनको नाउँमा पारेपनि उनको विवाह पछि त्यो सम्पत्ती उनको श्रीमानको हकमा जान्थ्यो। तैपनि उनले बुबाको सम्पत्तीको हक मागेकी थिइन्न्। उनले यो किन मागिन हामीलाई थाहा छैन्। तर हामीलाई यो थाहा छ, यदि आफ्नी छोरीको अनुरोधलाई अश्वीकार गरे पनि कसैले विरोध गर्दैन्थ्यो किनभने सामाजिक नियमअनुसार पनि

छोरीले पनि बुबाको हक लिएर उनको पखौंली नाउँ कायम गर्दैन् भन्ने चलन थियो।

तर अचम्मको त यो भयो कालेबले आफ्नी छोरीको अनुरोध स्वीकार गरे र उनलाई खेत दिए। खेतमात्र होइन, तल र माथि दुवैको पानीको मुहानहरु पनि उनलाई दिए।

उदारतामा दुवै पक्षहरु छन्। हित्तोपदेश ११:२५ ले भन्छ "जसले आफ्नो भाग दिन्छ, त्यो दिने मानिस फलिफाप हुन्छ। जसले अरुलाई नयाँ जीवन दिन्छ, आफूले पनि नयाँ जीवन पाउँछ।"(रुपान्तरित)। जब हामी उदार दिलले अरुलाई दिदैनौं, यसको अर्थ परमेश्वरले सित्तैमा दिनुहुने वरदान प्राप्त गर्न हामी सक्षम छैनौं भनेर देखाउँदछ।

यहि सन्दर्भमा वस्तु मात्र होइन्, क्षमा पनि उदारता साथ दिनुपर्छ भने देहायका पदहरुले कसरी बताउँछ? मत्ती ६:१५, १८:२१-२५

हामीसँग जे छ त्यो मात्र हामी दिन सक्छौं। यदि क्षमा दिन हामी असमर्थ छौं भने यसको अर्थ परमेश्वरले हामीलाई दिने क्षमालाई हामीले दावी गर्न सकेका छैनौं भनेर देखाउँछन्। कालेबले परमेश्वरबाट आशिष् पायो र त्यो आशिष् अरुलाई दिन खुसी भएको थियो। त्यस समयको समाजले अपेक्षा गरेको भन्दा बढि दया र अदारता कालेबले देखाएको थियो।

तपाईंसँग भएको वस्तुलाई बाँडन तपाईं कत्तिको उदार हुनुहुन्छ? तपाईंसँग जति धेरै भयो त्यत्ति धेरै अरुलाई बाड्ने मनस्थितिलाई के तपाईंले बोक्नु भएको छ? वा के तपाईं स्वार्थी हुनुहुन्छ अर्थात आफ्नो सर्वोचता नै ठीक भनेर तपाईं ढिपी गरेर चल्नुहुन्छ? अरुको भलाईको निम्ति अक्ष उद्धार हुन तपाईं कसरी सिक्नुहुन्छ?

**उपसंहारः**

"४० वर्ष अघि दशजना जासुसहरुको खराब समाचारलाई कालेबले निर्भय साथ खण्डन गरेका थिए। त्यसवेला युवाअवस्थामा उनले परमेश्वरमाथि जुन आस्था र विश्वास राखेका थिए, अत्यन्त उमेर

ढल्के पनि त्यसलाई कायमै राखे। परमेश्वरका जनहरुले कनान देशमा कब्जा गर्न उहाँले सहायता गर्नुहुन्छ भन्ने कुरालाई उनले विश्वास गरेका थिए। परमेश्वरमा पुरा भरोसा गरेर उनी अघि चलेका थिए भन्ने कावेलको जीवनले पुष्टि गर्दछ। मनलाई विचलित नपारीकन ४० वर्षसम्म भौतारिएको मरुभूमीको जीवन आफ्ना मानिसहरुसँगै विताएका थिए। निराश र दोषका बोझहरुमा उनी पनि सहभागी भए। तर उनले परमेश्वरको खिलाफमा गुनासो गरेनन्। उनका समकालिन इस्रायलीहरुबाट आफू बचित हुनुपर्दा परमेश्वरकै निगाहले आफू सुरक्षित भएको ठानी उहाँप्रति ठूलो कृवज्ञ राखेका थिए। सारा दुःख, कष्ट, खतरा, मरुभूमीमा हुने रोगव्याधी र कनान देशमा विजय प्राप्त नगरुञ्जेल परमेश्वरले कालेबलाई रक्षा गर्नुभएको थियो। अब ८० वर्षको उमेरमा पनि कालेब बलियो र हस्ता पुस्ता देखिन्थ्ये। जीतिसकेका भू-भागलाई कालेबले दाबी गरेनन्। तर जासुसहरुले जीत्न असंभव छ भनेर भनेको शहरलाई जीतेर लिन अनुरोध गरे। राक्षस जस्ता भयङ्कर जीउ भएका मानिसहरुको बलियो शहर जसले गर्दा इस्रायलीहरुले विश्वासलाई कमजोर बनाएका थिए, परमेश्वरको सहायताले कालेबले कब्जा गरेको थियो। आफूले सम्मान पाउन र आफ्नो बाहुबल देखाउन त्यो शहर मागेका थिएनन्। तर वयोबृद्धा कालेबले परमेश्वरलाई सम्मान गरेर देखाउन र मानिसहरुलाई उदाहरण देखाउन त्यो शहर मागेको थियो। इस्रायली पुर्खाहरुले जीत्न असंभव छ भन्ने दावी गरेको देशलाई जीतेर परमेश्वरमा भरोसा राखे त्यसलाई जीत्न संभव छ भनेर देखाउँदा इस्रायलीहरुमा साहस र उत्साह हुन्छ भन्ने कुराको चाहना कालेबको थियो। एलेन जी ह्वाइट, पाट्रियाक एल्ड प्रोफेट्स, पृष्ठ ५१२,५१३ बाट रुपान्तरित।

**चिन्तनमनन्:**

१. विभिन्न तथ्यहरुलाई प्रस्तुत गरेर र त्यसको व्याख्या गरेर इसाइहरुको विश्वासलाई जाचिरहेको हामी पाउँदछौं। कसरी "व्याख्या गर्ने वा अर्थ" लगाउने भन्ने वाक्य अर्थपूर्ण छ। विभिन्न चुनौतीहरुको सामना गर्दा हामी मूर्ख नबन्न तर

आफ्ना विश्वासलाई सम्मान गर्दै त्यसमा अटल रहन हामीले कस्ता कस्ता उपायहरुलाई अपनाउनु पर्छ?

२. हामीले जुन अर्थ लगाउँछौ त्यो सधै ठीक नै हुन्छ भन्ने छैन्। यसको बारेमा सोच्नुहोस्। ऊ दाहरणमा हामीले कुनै बस्तु देख्छौं भने त्यसलाई ठोस भनेर भन्छौं। तर वैज्ञानिक दृष्टिकोनले कुनै पनि पदार्थ प्राय रिक्त वस्तु हो भनेर बताउँछ। जमिनमा हामी हिंड्छौं र त्यो अचल भएको भनी हामी भन्छौं। तर यो पृथ्वी रफ्तारसमा घुम्दै आकाशमा चलिरहेको हुन्छ। हामी बन्द कोठामा हुन्छौं र केहिपनि नसुन्न सक्छौं। तर हामीले नसुनेका र नदेखेका रेडियोका तरङ्गहरुले कोठा भरिएको हुन्छ। देखेर होइन विश्वासद्वारा जीउनुपर्छ भन्ने धारणा उपयोक्त कुराहरुले कसरी बताउछन्?

३. कालेबको जीवनबाट पाठ सिकेर चर्चमा आवश्यकता भएको नेतृत्व र जीम्मेपारीलाई भर्न हामीले युवा पुस्ताहरुलाई कसरी प्रोत्साहन गर्नुपर्छ?

४. आफ्ना मानिसहरुका भयङ्कर पाप र गलत नितिको बावजुद पनि कालेबले उनीहरुसँग बफादार भएर बक्षे। आजका हामी सेभेन्थ-डे एडभेन्टिस्टहरुले यसबाट पाठ सिक्नु पर्छ।